आज मिति २०८१।०९।१७ गते बुधवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२  वैठक सङ्ख्या: ४२  समय : विहान ११:०० बजे  स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | चमेली |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारी:

१. श्री विजय कुमार थापा

२. श्री अमर कुमार श्रीवास्तव

३. श्री प्रकाश रावल

सहयोगी कर्मचारी:

१. श्री दिलिप कुमार भुजेल

## प्रस्तावहरुः

१. ४१औं बैठक समिक्षा सम्बन्धमा।
२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।
३. चालु आ.व.को प्रथम चौमासिकमा सम्पन्न योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।
४. आधारभूत अस्पताल सञ्चालनार्थ आवश्यक बजेट संघीय मन्त्रालयमा माग गर्ने सम्बन्धमा।
५. आधारभूत अस्पतालका लागि तत्कालै आवश्यक रहेका स्वास्थ्य सामाग्रीहरु संघीय मन्त्रालयसंग माग गर्ने सम्बन्धमा।
६. हिउँदे अधिवेशन सम्बन्धमा।
७. निःशुल्क शिक्षा कार्यक्रम (२५ लाख) को १० प्रतिशत रकम सम्बन्धमा।
८. शिक्षक छनौट सम्बन्धी कार्यविधि सम्बन्धमा।
९. डढेलो नियन्त्रण तथा मुक्त गाउँपालिका सम्बन्धमा।
१०. कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०८१ पारित सम्बन्धमा।
११. समपुरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा।
१२. अस्पतालको ठेक्का म्याद थप सम्बन्धमा।
१३. वडा नं. २ मा ढुङ्गा खसेर घर क्षति भएको क्षतिपूर्ति
१४. विविध।

## निर्णयहरुः

१. गत ४१औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।
२. संघ, प्रदेश र अंन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।
३. चालु आ.व.को प्रथम चौमासिकमा सम्पन्न योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१/०९/२८ गते बिहान ११ बजे गर्ने निर्णय गरियो।
४. आधारभूत अस्पताल सञ्चालनका लागि प्रयाप्त आर्थिक स्रोत पालिकासंग नभएकोले चालु आ.व.मा संघीय मन्त्रालयमा रु.५० लाख माग गर्ने निर्णय गरियो।
५. आधारभूत अस्पतालका लागि तत्कालै आवश्यक रहेका स्वास्थ्य सामाग्रीहरुको सूची बनाई सम्बन्धित संघीय मन्त्रालयसंग माग गर्ने निर्णय गरियो।
६. यस भुम्लु गाउँपालिकाको चालु आर्थिक वर्षको हिउँदे अधिवेशन मिति २०८१/०९/२९ गते बिहान ११ बजे गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।
७. निःशुल्क शिक्षा कार्यक्रम (२५ लाख) को १० प्रतिशत रकम गाउँपालिकाको शिक्षा तर्फ विनियोजित कार्यक्रमबाट रकम उपलब्ध गराई उक्त कार्यक्रममा सहभागिता जनाउने निर्णय गरियो।
८. यस भुम्लु गाउँपालिका अन्तर्गतका सरकारी/सामुदायिक विद्यालयहरुमा रिक्त शिक्षक पदपूर्तिको लागि शिक्षक छनौट सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।
९. डढेलो नियन्त्रण तथा डढेलो मुक्त गाउँपालिका कार्यक्रम मिति २०८१/०९/२५ गते गर्ने निर्णय गरियो।
१०. कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।
११. देहाय बमोजिमका समपुरक र विशेष अनुदानका योजनाहरु छनौट गर्ने निर्णय गरियो।

क) संघमा पठाउने समपूरक योजनाः १) ५४ किलो नम्बरी डाँडा पलाञ्चोक जाने सडक स्तरोन्नती – १ करोड

ख) प्रदेशमा पठाउने समपूरक योजनाः १) सिम्थली-बेखर्सिम्ले सडक स्तरोन्नती भुम्लु २ र ३ – १.५ करोड

क) संघमा पठाउने विशेष योजनाः
१) ५० किलो कोलाचौर सडक स्तरोन्नती – ५ करोड
२) वडा कार्यालय भवन निर्माण भुम्लु-४ र ६ – ३ करोड
३) फोहोरमैला वैज्ञानिक व्यवस्थापन – १ करोड

ख) प्रदेशमा पठाउने विशेष योजनाः १) सल्ले मानेडाँडा घट्टेखोला जाने बाटो स्तरोन्नती – ५ करोड

२) कोल्ड स्टोर – १ करोड

३) जडीबुटी प्रशोधन केन्द्र – १ करोड

१२. यस भुम्लु गाउँपालिका अन्तर्गत निर्माणधीन अस्पतालको ठेक्काको म्याद थपका लागि खानी निर्माण सेवा प्रालिले निवेदन दिएकोमा उक्त ठेक्काको अवधि २०८१ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

१३. यस भुम्लु गाउँपालिका वडा नं. २ मा सडक निर्माण गर्ने क्रममा सोही वडाका निवासी सानुमैया थापाको घरमा ढुङ्गा खसेर घर क्षति भएकोले निजलाई प्राविधिक इष्टिमेट अनुसारको क्षतिपूर्ति वापत रु.१८०५८७।७१ भुक्तानी दिने निर्णय गरियो।

१४. विविध:

क. यस भुम्लु गाउँपालिका वडा नं. ९ वडा कार्यालय थप र लप्सेखोला टारीस्वारा लिफ्ट सिंचाइ भुम्लु-२ समेतका योजनाहरु अधुरो राखी पटक पटक म्याद थप समेत गरेको र हाल सम्म पनि कार्य सम्पन्न नभएकोले फ्रेन्ड्स इन्भेष्टमेन्ट कन्सट्रक्सनलाई नियमानुसार कारवाही गर्ने निर्णय गरियो।

ख. भुम्लु गाउँपालिका वडा नं.०२ दलित बस्तीमा पहिरोबाट बिग्रेको बाटो मर्मतका लागि गाउँपालिकाबाट प्राविधिक टोली खटाउने निर्णय गरियो।

ग. भुम्लु गाउँपालिका अन्तर्गतका विभिन्न योजनाहरु सञ्चालन गर्न गठित उपभोक्ता समितिहरुले पेश्की लिई काम नगरेको उपभोक्ता समितिलाई उक्त पेश्की रकम जम्मा गर्न ३५ दिने सूचना निकाल्ने सो समयावधि भित्र जम्मा नगरेमा कानून बमोजिम आवश्यक कारवाही गर्ने निर्णय गरियो।

घ. भुम्लु गाउँपालिका अन्तर्गत भुम्लु आधारभूत अस्पतालमा कार्यरत अ.न.मी. श्री सविना श्रेष्ठलाई मिति २०८१/०९/१८ गते देखि लागू हुने गरी करार सेवाबाट हटाउने निर्णय गरियो।

ङ. भुम्लु गाउँपालिका वडा नं.०९ स्थित चाखोला चुल्ठे डाडा पुल वरिपरिको बाटो बाढीले बगाएको हुँदा उक्त बाटोको मर्मतका लागि प्राविधिक इष्टिमेट अनुसार तारजाली तथा ढुङ्गा ओसारपसारका लागि गाउँपालिकाको टि्पर प्रयोग गर्न दिने निर्णय गरियो।

च. भुम्लु गाउँपालिका अन्तर्गत मौरी प्रवर्धन कार्यक्रमको लागि ७५% अनुदानमा मौरी पालन गर्न सूचना प्रवाह गर्ने निर्णय गरियो।

छ. भुम्लु गाउँपालिका वडा नं.८, भुम्लुटार स्थित श्री प्रकाश क्याम्पसको च.न.२५, मिति २०८१/०९/०८ गतेको प्राप्त पत्रानुसार उक्त क्याम्पस सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट माग गरेकोमा यस गाउँपालिकाको चालु आ.व.मा शिक्षा तर्फ विनियोजित योजना तथा कार्यक्रमबाट क्याम्पस सञ्चालन तथा व्यवस्थापनका लागि रकम उपलब्ध गराउने निर्णय गरियो।

ज. मनाङ डिस्याङ गाउँपालिकाबाट गत आर्थिक वर्षमा यस गाउँपालिकामा कामकाज/सरुवा भई संघीय मन्त्रालयबाट खटिइ आउनु भएका सि.अ.हे.व. अधिकृत श्री बालकृष्ण गौतमलाई यस गाउँपालिकामा रहेको रिक्त दरबन्दीमा अन्तिम पदस्थापन/समायोजन मिलान गर्न संघीय स्वास्थ्य मन्त्रालयलाई सिफारिस साथ पत्राचार गर्ने निर्णय गरियो।

झ. भुम्लु गाउँपालिका वडा नं.४ स्थित चौवास प्रहरी चौकीका इन्चार्ज अ.स.ई. श्री मुनिकलाल यादव स्थानीयको जनगुनासो नसुन्ने र काम कारवाहीमा ढिलासुस्ती गर्ने भनि जनगुनासो समेत आएकोले निजलाई अन्यत्र सरुवा गरी आवश्यक कारवाही गर्न जिल्ला प्रहरी कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकलाई पत्राचार गर्ने निर्णय गरियो।

ञ. भुम्लु गाउँपालिकाको स्वीकृत लक्षित कार्यक्रम अन्तर्गत महिला नेतृत्व तथा क्षमता अभिवृद्धि तथा उदघोषकला विकास सम्वन्धी कार्यक्रम सञ्चालन गर्न यस गाउँपालिकामा सूचिकृत संस्थाहरुलाई दिने निर्णय गरियो।

Scanned with CamScanner